फोन नं. ०२४-५२०१०९

प्रदेश सरकार
कोशी प्रदेश
उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

पाँचथर

पत्र संख्या :- २०८०/०८१
चलानी नं :-

मिति :- २०८०/१०/२९

**प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/निवेदन आव्हान सम्वन्धि सूचना**

दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/१०/२९

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रचलित कानुन बमोजिम दर्ता भई पाँचथर जिल्ला भित्र संचालित रहेको लघु/घरेलु/साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/संचालन/क्षमता वृद्धिको लागि आवश्यक पर्ने प्रविधि तपसिल बमोजिम प्रविधि सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता हुने गरी प्रविधि सहयोग कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीहरुले निवेदन दस्तुर रु. १००।- तिरेको नगदी रसिद सहित प्रविधि (मेशिन तथा उपकण)सहयोग कार्यविधि, २०८० को अनुसूची -२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल बमोजिमका कागजात र विवरण सहित प्रस्ताव/निवेदन दिन हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रविधि सहयोग सम्वन्धि कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रमको नाम | सहभागी हुन पाउने समुदाय वा लक्षित समुह वा वर्ग(स्वीकृत वार्षिक कार्यक्रम अनुसार) | कै. |
|---|---|---|---|
| १ | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुले निवेदन पेश गर्न पाउने । | |
| २ | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | सबै किसिमका उद्योगहरुले निवेदन पेश गर्न पाउने । | |
| ३ | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत ज्ञान र सिपमा आधारित उद्योगहरुले निवेदन पेश गर्न पाउने | |
| ४ | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समुलायद्वारा संचालित उद्योगीले निवेदन पेश गर्न पाउने | |
| ५ | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न, सिमान्तकृत समुदायबाट संचालन भएको भनि सम्वन्धित स्थानीय तह द्वारा सिफारिस भएका उद्योगहरुले निवेदन पेश गर्ने | |
| ६ | विपन्न समुदायका महिला, एकल महिला,उद्योग प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न समुदायका महिला, एकल महिलाबाट संचालन भएको भनि सम्वन्धित स्थानीय तह द्वारा सिफारिस भएका उद्योगहरुले निवेदन पेश गर्ने | |
| ७ | बेरोजगार युवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | वैदेशिक रोजगारबाट फर्कि उद्योग दर्ता गरी व्यवसाय संचालन गरिरहेका व्यक्तिहरुले वैदेशिक रोजगारबाट फर्किएको प्रमाणित हुने कागजात सहित निवेदन पेश गर्ने | |

लक्ष्मी पुराद
प्रमुख उद्योग अधिकृत

फोन नं. ०२४-५२२१०६

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

पाचथर

पत्र संख्या :- २०८०/०८१ मिति :- २०८०/१०/२९
चलानी नं :-

<u>संलग्न गर्नु पर्ने कागजातहरु :-</u>

१.उद्योग दर्ता, नविकरण अध्यावधिक भएको प्रमाण पत्रको प्रतिलिपि
२.PAN/VAT दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र (आ.व.२०७९/०८० को) प्रतिलिपि
३.उद्योगीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
४.उद्योगको उद्धेश्यसँग तादाम्यता हुने गरी उद्योगीले तालिम लिएको भएमा तालिमको प्रमाण पत्रको प्रतिलिपि
५.सम्वन्धित वडाको सिफरिस
६.लक्षित वर्ग, समुदाय, समुह प्रमाणित हुने कागजात वा प्रमाण
७.विगत तिन वर्षमा कुनै सरकारी निकायबात प्रविधि खरिदका लागि कुनै अनुदान लिएको छैन भनी स्वघोषणा

<u>नोटः-</u>

१. प्रविधि माग गर्दा जुन कार्यक्रमवाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही कार्यक्रमको लागि मात्र निवेदन पेश गर्नु पर्नेछ ।
२.निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो सार्वजनिक विदा पछि कार्यालय खुलेको पहिलो दिन अन्तिम दिन मानिनेछ ।
३.थप जानकारीको लागि सम्पर्क नं. ०२४५२२१०६, ९८४२६६४५८२, ९८१६९१८५९१ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

लक्ष्मी सुताङ
प्रमुख उद्योग अधिकृत